गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
# प्रदेश जनस्वास्थ्य कार्यालय
नवलपरासी (बर्दघाट सुस्ता पूर्व), नेपाल

फोन नं: ०७८-४०१०८३
इमेल: honawalpur@gandaki.gov.np

प.स.: २०८२/८३
च. नं.: ६०१४

वि.सं: २०८३ असार १८ गते बिहीबार
नेपाल संवत: ११४६ तछलागा द्वितीया १७

श्री हुप्सेकोट गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय
नवलपरासी (बर्दघाट सुस्ता पूर्व), नेपाल।

**विषय: अनुगमन प्रतिवेदन सम्बन्धमा।**

प्रस्तुत विषयमा मिति २०८३/०३/१७ गतेका दिन यस कार्यालय तथा तहाँ कार्यालयको स्वास्थ्य शाखाबाट देउराली प्राथमिक अस्पताल, हुप्सेकोट गा.पा-०४ मा गरिएको *"परिवार योजना, प्रजनन स्वास्थ्य तथा किशोरकिशोरी स्वास्थ्य सेवा कार्यक्रम" सम्बन्धी* संयुक्त अनुगमनको १ कपी प्रतिवेदन चेकलिस्ट र सोसंग सम्बन्धित बैठक माईनुट यसै पत्र साथ पठाईएको व्यहोरा अनुरोध छ । साथै, बैठकमा भएका निर्णय तथा अनुगमनबाट प्राप्त सुझावहरू बमोजिम आवश्यक सुधारात्मक कार्यहरू कार्यान्वयन गर्नु हुन अनुरोध छ।

सागर पराजुली
जनस्वास्थ्य अधिकृत

**बोधार्थ**

१. श्री परिवार कल्याण महाशाखा, टेकु-काठमाडौं।
२. श्री स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश, पोखरा।
३. श्री देउराली प्राथमिक अस्पताल, चोरमारा (निर्णय तथा अनुगमनबाट प्राप्त सुझावहरू कार्यान्वयन गर्नु हुन)



Scanned with CamScanner

अनुगमन प्रतिवेदन

# परिवार योजना, प्रजनन स्वास्थ्य तथा किशोरकिशोरी स्वास्थ्य सेवा कार्यक्रम अनुगमन प्रतिवेदन

## १. पृष्ठभूमि

प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को वार्षिक स्वीकृत कार्यक्रमअनुसार स्वास्थ्य संस्थाहरूमा सञ्चालित परिवार योजना तथा प्रजनन स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धि, सेवा विन्दु *(Point of Service Delivery)* को सुदृढीकरण तथा किशोरमैत्री स्वास्थ्य सेवाको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्ने उद्देश्यले नियमित अनुगमन तथा प्राविधिक सहजीकरण कार्यक्रम सञ्चालन हुँदै आएको छ। यसै कार्यक्रमअन्तर्गत मिति २०८३/०३/१७ गते देउराली प्राथमिक अस्पताल, हुप्सेकोट गाउँपालिका-०४ मा परिवार योजना तथा प्रजनन स्वास्थ्य कार्यक्रमको सेवा विन्दु अनुगमन, प्राविधिक सहजीकरण तथा किशोरमैत्री स्वास्थ्य सेवा (AFHS) स्थल प्रमाणीकरण सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको थियो।

## २. उद्देश्य

- परिवार योजना तथा प्रजनन स्वास्थ्य सेवाको उपलब्धता, पहुँच तथा गुणस्तरको मूल्याङ्कन गर्ने,
- सेवा विन्दु *(Point of Service Delivery)* मा राष्ट्रिय मापदण्डको कार्यान्वयनको अवस्था समीक्षा गर्ने,
- गर्भनिरोधक साधनको उपलब्धता, भण्डारण तथा व्यवस्थापनको मूल्याङ्कन गर्ने,
- अभिलेख तथा प्रतिवेदन प्रणालीको समीक्षा गर्ने,
- किशोरमैत्री स्वास्थ्य सेवा सम्बन्धी अभिमुखीकरण प्रदान गर्ने तथा स्थानीय तहमा AFHS कार्यान्वयनका लागि समन्वय संयन्त्र गठन गर्ने

## ३. मिति तथा स्थान

**मिति:** २०८३/०३/१७

**स्थान:** देउराली प्राथमिक अस्पताल, हुप्सेकोट गाउँपालिका–०४, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

Scanned with CamScanner

गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
प्रदेश जनस्वास्थ्य कार्यालय
नवलपरासी (ब.सु.पू.)

## ४. अनुगमनका प्रमुख विषयहरू

अनुगमनका क्रममा निम्न विषयहरूको विस्तृत समीक्षा गरिएको थियो:

- परिवार योजना तथा प्रजनन स्वास्थ्य सेवाको उपलब्धता तथा सेवा प्रवाह,
- गर्भनिरोधक साधनको उपलब्धता तथा व्यवस्थापन,
- सेवा प्रदायकहरूको क्षमता तथा सेवा प्रदान गर्ने अभ्यास,
- सेवा अभिलेख, रजिस्टर तथा प्रतिवेदन प्रणाली,
- सेवा कक्षको व्यवस्थापन तथा गोपनीयता,
- संक्रमण रोकथाम तथा सरसफाइका अभ्यास,
- सेवा सूचकहरूको समीक्षा तथा सुधारका आवश्यकता,

## ५. अनुगमन अवलोकन तथा प्राविधिक सहजीकरण

अनुगमनका क्रममा निम्न पक्षहरू अवलोकन गरियो:

**सकारात्मक पक्ष**

- परिवार योजना सेवा नियमित रूपमा सञ्चालन भइरहेको,
- अधिकांश आवश्यक गर्भनिरोधक साधन उपलब्ध रहेको,
- सेवा प्रदायकहरू परिवार योजना सेवासम्बन्धी आधारभूत ज्ञान तथा सीपयुक्त रहेको,
- अभिलेख तथा प्रतिवेदन नियमित रूपमा अद्यावधिक गरिएको,
- स्वास्थ्य संस्था व्यवस्थापन समिति किशोरमैत्री स्वास्थ्य सेवा प्रवर्द्धनप्रति सकारात्मक देखिएको,

**सुधार गर्नुपर्ने पक्ष**

- परिवार योजना परामर्शलाई अझ व्यवस्थित र गुणस्तरीय बनाउन आवश्यक,
- सेवा कक्षमा गोपनीयता सुनिश्चित गर्ने व्यवस्था थप सुदृढ गर्नुपर्ने,
- AFHS राष्ट्रिय मापदण्डअनुसार आवश्यक पूर्वाधार तथा व्यवस्थापन सुधार गर्नुपर्ने,
- सेवासम्बन्धी IEC/BCC सामग्रीको प्रभावकारी प्रयोग बढाउनुपर्ने,
- नियमित आन्तरिक समीक्षा तथा सेवा गुणस्तर मूल्याङ्कनलाई थप व्यवस्थित गर्नुपर्ने,

Scanned with CamScanner

गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
प्रदेश जनस्वास्थ्य कार्यालय
नवलपरासी (ब.सु.पूर्व)

**प्रदान गरिएको प्राविधिक सहजीकरण**

अनुगमनका क्रममा निम्न विषयमा प्राविधिक सहजीकरण प्रदान गरिएको थियोः

- राष्ट्रिय परिवार योजना सेवा मापदण्डको प्रभावकारी कार्यान्वयन,
- परिवार योजना सेवामा गुणस्तर सुधारका उपायहरू,
- अभिलेख तथा प्रतिवेदन प्रणालीलाई थप व्यवस्थित बनाउने उपाय,
- गर्भनिरोधक साधनको उचित भण्डारण तथा व्यवस्थापन,
- AFHS स्थल प्रमाणीकरणका सूचकहरूको कार्यान्वयन,
- स्थानीय तह समन्वय समितिको सक्रिय परिचालन,

**किशोरकिशोरीमैत्री स्वास्थ्य सेवा (AFHS) सम्बन्धी अभिमुखीकरण:** अनुगमन पश्चात स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका पदाधिकारी तथा सदस्यहरूलाई किशोरमैत्री स्वास्थ्य सेवा स्थल प्रमाणीकरण सम्बन्धी अभिमुखीकरण प्रदान गरिएको थियो।

**स्थानीय तह AFHS समन्वय समिति गठन:** किशोरकिशोरी मैत्री स्वास्थ्य सेवा कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन तथा प्रमाणीकरण प्रक्रियालाई सहजीकरण गर्न स्थानीय तह स्तरमा *Local Level Adolescent Friendly Health Services (AFHS) Coordination Committee* गठन गरिएको थियो।

## ६. निष्कर्ष

देउराली प्राथमिक अस्पतालमा परिवार योजना तथा प्रजनन स्वास्थ्य सेवा नियमित रूपमा सञ्चालन भइरहेको पाइयो। सेवा गुणस्तर अभिवृद्धिका लागि केही सुधारका क्षेत्रहरू पहिचान गरिएका छन्, जसका लागि आवश्यक प्राविधिक सुझाव प्रदान गरिएको छ। साथै, किशोरमैत्री स्वास्थ्य सेवा स्थल प्रमाणीकरण सम्बन्धी अभिमुखीकरण तथा स्थानीय तह AFHS समन्वय समिति गठनले आगामी दिनमा किशोरमैत्री स्वास्थ्य सेवाको प्रभावकारी कार्यान्वयन, अन्तरनिकाय समन्वय तथा गुणस्तर अभिवृद्धिमा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ।

**प्रतिवेदन तयार गर्नेः सागर पराजुली**
जनस्वास्थ्य अधिकृत तथा परिवार योजना एवं किशोर स्वास्थ्य कार्यक्रम फोकल पर्सन
प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

Scanned with CamScanner

## अनुगमनका फोटोहरु

| | |
|---|---|
|   | अनुगमन पश्चात देउराली प्राथमिक अस्पतालमा संयुक्त अनुगमन टोलीद्वारा लिइएको सामूहिक तस्बिर |
|  | *AFHS* सम्बन्धी अभिमुखीकरण सत्र संचालन गर्दै स्वास्थ्य शाखा प्रमुख कृष्ण प्रसाद सापकोटा |

गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
प्रदेश जनस्वास्थ्य कार्यालय
नवलपरासी (ब.सु.पूर्व)

Scanned with CamScanner

| | |
|---|---|
|  | परिवार योजना तथा प्रजनन स्वास्थ्य सेवा कक्षमा सेवा रजिस्टर हेर्दै |
|  | *AFHS* सम्बन्धी अभिमुखीकरण सत्र पछिको सामूहिक तस्बिर |

गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
प्रदेश जनस्वास्थ्य कार्यालय
नवलपरासी (ब.सु.पू.)

Scanned with CamScanner